कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा, मकवानपुर

र

काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक बीच

युरिया मल उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि गरिएको

# समझदारी पत्र (Memorandum of Understanding- MoU)

२०७९ असार

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

# युरिया मल उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि गरिएको द्विपक्षीय समझदारी पत्र

यो द्विपक्षीय समझदारी पत्र (यस पछि "समझदारी पत्र") मिति २०७९ साल असार महिनाको ८ गतेका दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, मकवानपुर (यस पछि "मन्त्रालय" भनी सम्बोधन गरिने) र काठमाडौं विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक (यस पछि "विश्वविद्यालय" भनी सम्बोधन गरिने) बीच युरिया मल उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि देहाय बमोजिमको शर्तहरु पालना गर्ने गरी दुवै पक्षबाट हस्ताक्षर भए पछि यसै समझदारी पत्रमा उल्लेख भएको मितिदेखि लागू हुनेछ।

क. पृष्ठभूमि:

कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण तथा औद्योगिकीकरण गर्दै कृषिजन्य वस्तुको आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गरी कृषिको रूपान्तरण गर्ने मन्त्रालयको लक्ष्य रहेको छ। उच्चतम कृषि उत्पादनको लागि आवश्यक विभिन्न साधनहरु मध्ये माटो तथा बोटबिरुवाको लागि खाद्य तत्व एक महत्वपूर्ण पक्ष रहेको छ। र ती खाद्य तत्व परिपूर्ति गर्ने माध्यमको रुपमा मल (रासायनिक तथा प्राङ्गारिक) रहेको छ भने रासायनिक मल मध्येमा पनि बोटबिरुवाको आवश्यकता र कृषकको मागको आधारमा समेत युरिया मल सबैभन्दा महत्वपूर्ण रहेको छ। नेपालमा हालसम्म कुनैपनि रासायनिक मल कारखाना नरहेको र युरिया मलको माग उच्च रहेको र मागको तुलनामा एकदम न्यून मात्र आपूर्ति भएको तथ्यलाई मध्यनजर गर्दै माग र आपूर्तिको सन्तुलन समेत कायम गरी कृषकलाई समयमै रासायनिक मल उपलब्ध गराउन बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र काठमाडौं विश्वविद्यालयबीच बागमती प्रदेशमा युरिया मल उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि समझदारी गरिएको छ।

ख. अपेक्षित प्रतिफल

यस कार्यक्रम सञ्चालन पश्चात:

१. नेपालमा हरित अमोनियाबाट हरित युरिया उत्पादनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार हुनेछ।

ग. मन्त्रालयको भूमिका र जिम्मेवारी:

यस समझदारी पत्रमा मन्त्रालयको देहाय अनुसारको भूमिका रहनेछ।

१. प्रदेशमा हरित युरिया मल उत्पादनको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि सहजीकरण गर्ने।

२. सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि आवश्यक पर्ने बजेट र इस्टिमेटको आधारमा द्विपक्षीय सम्झौता गर्ने।

३. सम्झौता बमोजिम कार्यप्रगतिको आधारमा प्रचलित नियमानुसार रकम उपलब्ध गराउने।

घ. विश्वविद्यालयको भूमिका र जिम्मेवारीः

यस समझदारी पत्रमा विश्वविद्यालयको देहाय अनुसारको भूमिका रहनेछ ।

१. विश्वविद्यालयले कार्ययोजना तयार गरी बजेटको अधीनमा रही तोकिएको समय सीमा भित्र सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयलाई पेश गर्ने ।

ङ. समझदारीका शर्त तथा अवस्थाहरु (Terms and Condition)

१. यो समझदारी पत्र मन्त्रालय र विश्वविद्यालय बीच युरिया मल उत्पादन सम्बन्धी सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि लागू हुनेछ।

२. युरिया मल उत्पादनको लागि दोश्रो पक्षले पहिलो चरणमा सम्भाव्यता अध्ययन र दोश्रो चरणमा विस्तृत परियोजना प्रतिवेदन तयार गरी प्रथम पक्षलाइ पेश गर्नुपर्नेछ। सोको लागि प्रथम पक्षले चालु र आगामी आर्थिक वर्षमा अधिकतम बजेट रु. ५०,००,००० (अक्षरेपी पचास लाख रुपियाँ मात्र) विनियोजन गर्नेछ।

३. दोस्रो पक्षले भुक्तानीको लागि नियमानुसारको भुक्तानी पत्र, अध्ययन प्रतिवेदन साथै प्रगति प्रतिवेदन/कार्य सम्पन्न प्रतिवेदन प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

४. यस समझदारी पत्र बमोजिमको उद्देश्य प्राप्तिको निम्ति प्रथम पक्ष र दोश्रो पक्ष बीच आवश्यकता बमोजिम थप सम्झौता गर्न सकिनेछ।

५. यो समझदारी मिति २०८० साल असार मसान्त सम्म कायम रहने छ ।

बागमती प्रदेश कृषि तथा पशुपन्छी विकास ... हेटौंडा, नेपाल

च. फोकल महाशाखा/व्यक्ति

यस समझदारी पत्रको कार्यान्वयनको निम्ति प्रथम पक्षले कृषि विकास महाशाखा र दोश्रो पक्षले डा. विराज सिंह थापा (सह प्राध्यापक, काठमाडौं विश्वविद्यालय) लाई फोकल महाशाखा/ फोकल व्यक्तिको रुपमा तोकिएको छ।

छ. समझदारीको प्रारम्भ

यो समझदारी मन्त्रालय र विश्वविद्यालय बीच गरिएको समझदारी पत्रमा हस्ताक्षर भएको मिति देखि प्रारम्भ हुनेछ।

ज. समझदारी पत्रको संशोधन तथा हेरफेर

समझदारी पत्रमा हस्ताक्षरकर्ताहरुलाई यस समझदारी पत्रमा संशोधन गर्नुपर्ने भएमा दुवै पक्षको सहमतिमा कुनै संशोधन वा हेरफेर गर्न सकिनेछ। यसरी हुने संशोधन वा हेरफेर यसै सहमतिंपत्रको अंश हुनेछ, साथै दुवै पक्षको हस्ताक्षर पश्चात मात्र कार्यान्वयन गरिनेछ।

| मन्त्रालयको तर्फबाट | विश्वविद्यालयको तर्फबाट |
|---|---|
| दस्तखत:<br><br>नाम: मा. वसुन्धरा हुमागाई<br>पद: मन्त्री<br>कार्यालयको छाप:<br>बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय हेटौंडा, नेपाल | दस्तखत:<br><br>नाम: प्रा.डा. भोला थापा<br>पद: उपकुलपति<br>कार्यालयको छाप: |
| साक्षी<br>दस्तखत:<br><br>नाम: डा. शरण कुमार पाण्डे<br>पद: सचिव | साक्षी<br>दस्तखत:<br><br>नाम: डा. विराज सिंह थापा<br>पद: सह प्राध्यापक |

| साक्षी | साक्षी |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम: श्री महेन्द्र बहादुर खड्का | नाम: डा. राम लामा |
| पद: लेखा अधिकृत | पद: समन्वयकर्ता, काठमाडौं विश्वविद्यालय |

ईति सम्वत २०७९ साल असार महिना ८ गते रोज ४ शुभम्